जनमुक्ति सेना, नेपाल
पश्चिम सैन्य कमाण्ड हेडक्वार्टर

प्रेस वक्तव्य

गत माघ १८ गते पाल्पाको तानसेन आक्रमणपछि कब्जा गरिएका २८ जना युद्धबन्दीहरुमध्ये २१ जना शाही सेना र प्रहरी जवानलाई अनुसन्धानपछि पाल्पाको ताउ बजारमा मानवधिकारवादी, पत्रकार तथा जनसमुदायको रोहवरमा मुक्त गरिएको छ । जनमुक्ति सेना, नेपालले मानवधिकारवादी संस्था, पत्रकार, नागरिक समाजको आह्वान र जेनेभा सन्धिप्रति सम्मान र प्रतिबद्धता जनाउँदै युद्धको क्रममा आत्मासर्मपण गर्ने वा आक्रमणकै क्रममा जिउँदै कब्जा हुने सबैलाई विगतदेखि मुक्त गर्दै आएको छ । २१ जनालाई सोहीअनुसार मुक्त गरिएको छ । बाँकीलाई छिट्टै मुक्त गरिने छ । बाध्यताबश जनताका विरुद्ध खडा भएका सैनिक एवं सीमित अधिकारीहरुलाई नेपाली जनताको मुक्ति आन्दोलनमा सरिक हुन समेत आग्रह गर्दछौं ।
२०६२ माघ २१ गते

रमेश कोइराला
प्रवक्ता
पश्चिम सैन्य कमाण्ड हेडक्वार्टर

जनमुक्ति सेना, नेपाल